लोकप्रिय दैनिक

# इलाम एक्सप्रेस

वर्ष-१४, अङ्क -२१८ २०८१ साल साउन १९ गते शनिबार (Saturday 3 AUG . 2024) (पृष्ठ ४) मूल्य . - ४

कोरोना विरुद्धको खोपको पर्खाईमा रहेका नागरिकलाई खोप केन्द्रसम्म पुऱ्याउन सहयोग गरौं । खोप केन्द्रमा भीडभाड नगरौं ।

खोप लगाऔ, कोरोनाबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पर्यटन प्रवर्द्धन गर्न 'निसान पदमार्ग' निर्माण तयारी गरिदैं



*एक्सप्रेस संवाददाता*

***इलाम, साउन १८ :*** नेपाली वीरगाथा सम्झाउने 'निसान पदमार्ग' निर्माण तयारी सुरु गरिको छ। इलाममा दुई सय वर्ष अघिको युद्ध इतिहास खोजी गरी पर्यटन प्रवर्द्धन गर्न 'निसान पदमार्ग' निर्माणको तयारी तीव्र पारिएको हो ।

शुक्रबार नेपाली सेनाको रणशार्दूल गण इलामको पहलमा सदरमुकाममा जिल्लास्थित सुरक्षा निकाय प्रमुख, पदमार्गले छुने स्थानीय तहका प्रमुख, सरोकारवाला एवम् सञ्चारकर्मीहरुको अन्तर्क्रियात्मक बैठक गरी पदमार्ग निर्माणको तयारी तीव्र पारिएको रणशार्दूल गणका प्रमुख सेनानी गणपति प्रह्लाद घलेले बताए। पदमार्गले छुने पालिकाहरुको सहभागितामा आगामी असोज १७ गते घटस्थापनाको अवसरमा औपचारिक उद्घाटन गर्नेगरी 'निशान पदमार्ग' निर्माणको पहल तीव्र पारिएको उनले बताए । अङ्ग्रेज-नेपाल युद्धपछि विस १८७२ फागुन २० मा भएको सुगौली सन्धिपश्चात नेपाली सेनाले इलाम सदरमुकामसम्म निसान ल्याउन प्रयोग गरेको मार्ग पहिचान गरी पदमार्गको रुपमा प्रवर्द्धन र विकास गर्न लागिएको इलाम नगरपालिका प्रमुख केदार थापाले बताए ।

भारतको मिरिकस्थित नागरीगढीदेखि करफोकको पूर्णेडाँडा, नामसालिङ हुँदै इलाम नगरपालिका-७ स्थित माइस्थान मन्दिरमा निशान ल्याउन प्रयोग भएको नेपाली भूभागको मार्ग पहिचान गरी 'निसान पदमार्ग' का रुपमा विकास गर्न लागिएको उनले बताए । इलामको ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाको खोज, पहिचान, संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यले निसान पदमार्गलाई विकास गर्न खोजिएको गणपति घलेले बताए। 'निसान पदमार्ग' निर्माणका लागि पदमार्गले छुने इलाम नगरपालिका, सूर्योदय नगरपालिका र माईजोगमाई गाउँपालिकाले विशेष महत्वका साथ यसवर्ष बजेट नै विनियोजन गरेका छन्। सूर्योदय नगरपालिका प्रमुख रणबहादुर राईले आफ्नो नगरपालिकाका भूभागभित्र निशान ल्याइएको मार्ग पहिचान गर्न बजेट नै विनियोजन गरी सम्बन्धित वडा अध्यक्षहरुलाई जिम्मेवारी दिइसकिएको बताए ।

## इलाममा एकजनाको मृत्यु

*इलाम एक्सप्रेस*

***इलाम, साउन १८ :*** इलामको माई नगरपालिका-२, दानाबारीमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुईजना घाइते भएका छन् ।

माई-१०, गधेनी भञ्ज्याङका २५ वर्षे दिनेश सार्कीको मृत्यु भएको प्रहरीले जनाएको छ। शुक्रबार अपराह्न ५ बजे शुक्रबारे बजारबाट सितलीतर्फ जाँदै गर्दा उनीहरू सवार ना ४८ प ८६३८ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ गरुवा खोलाको पुलमा ठोकिएको थियो ।

पुलमा मोटरसाइकल ठोक्किँदा त्यही ठाउँका ३२ वर्षे चालक विनोद लिम्बू र सोही स्थानका १६ वर्षे रोशन लिम्बू घाइते भएका छन् । विनोद लिम्बूको अवस्था गम्भीर छ । घाइतेको झापामा उपचार भइरहेको प्रहरी हवल्दार निरानन्द न्यौपानेले जानकारी दिए । भए लगत्तै घटनास्थलमा आइपुगेका माई नगरपालिका प्रमुख खम्बासिंह लिम्बूले आफ्नो गाडीमा तीनै घाइतेलाई बिएन्डसी अस्पताल लगेका थिए। सार्कीलाई चिकित्सकले अस्पतालमा मृत घोषित गरेका हुन् । यता इटहरीको मुख्य चोकमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । यहाँको मुख्य चोकस्थित ट्राफिक लाइट रहेको दक्षिण मोडमा शुक्रबार दिउँसो ट्रकले ठक्कर दिँदा एक पुरुष साइकलयात्रीको घटनास्थलमै मृत्यु भएको हो ।

मृत्यु हुनेमा भोजपुर षडानन्द नगरपालिका १४ का ४२ वर्षीय रामचन्द्र श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका निमित्त प्रमुख प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले जानकारी दिए ।



**पत्रिका मागेर हैन किनेर पढ्ने बानी बसालौं इलाम एक्सप्रेस दैनिक खोजि खोजि पढौं**




### हुलाक कार्यालयको अब छरितो सेवा

तपाईले हुलाक बाट पठाउँनु भएको चिठी पत्र, पार्सल पुगे नपुगेको पत्ता लगाउन www.gpo.gov.np लग इन गर्नुहोस् ।

आफु सँग भएको रकम हुलाक बैक खातामा बचत गर्नुहोस् तपाइले जम्मा गर्नुभएको रकमको उचित ब्याज कुनै कर नकाटी हामी दिनेछौ ।

जिल्ला भित्रका पत्रपत्रिका जिल्ला हुलाक कार्यालबाट नै नविकरण गर्न सकिनेछ ।

५०० वाट भन्दा मुनिको रेडियोहरु नविकरण गर्न यहि कार्यालबाट नै सकिनेछ ।

छरितो चिठी पत्र, पार्सल गर्न सामान पठाउन जिल्ला हुलाक कार्यालयलाई सम्झनुहोस् ।

**जिल्ला हुलाक कार्यालय इलाम**

### *स्वास्थ्य कार्यालय इलाम को अनुरोध*

***हाल*** इलाम नगरपालिका क्षेत्रमा झाडा पखाला का बिरामी बढदो क्रममा रहेको र झाडा पखाला का बिरामी अन्य पालिकाहरुमा पनि गर्मिको समयमा बढ्न सक्ने भएकोले सो को तत्काल नियन्त्रणका लागि निम्नानुसार गरि सहयोग गर्नु हुन आम जनसमुदायहरुमा अनुरोध छ ।

***निम्नानुसार***

- आफुले प्रयोग गर्ने पानि उमालेर या क्लोरिन द्वारा सुद्धिकरण गरेर मात्र पिउने
- खाना पकाउनु/खानु अघाडि र शौचालय गइ सकेपछि अनिवार्य साबुन पानिले हात धुने
- काचै खाने खानेकुरा/ फलफूल राम्ररी धोएर पखालेर मात्र खाने
- वासी,झिँगा भन्केको सडेगलेको खानेकुरा नखाने
- छोपेर राखेको खानेकुरा मात्र खाने
- कसैलाई झाडापखाला लागेमा नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गर्ने ।

### नसर्ने रोगबारे जानकारी

- क्यान्सर, मुटु रोग, मधुमेह, दिर्घ श्वास प्रश्वास जस्ता नसर्ने रोगहरु लाग्नबाट बच्ने निम्न उपायहरु अपनाओ र दीर्घजीवन यापन गरौं ।
- चुरोट, बिडी, खैनी, गुटखा तथा सुर्तिजन्य पदार्थ सेवन नगरौं । जाँड रक्सी वाइन बियर आदि सेवन नगरो । दैनिक कम्तीमा आधा घण्टा पसिना आउने गरिहिड्ने व्ययम खेलकुद तथा काम गर्ने गरौं । शरीरको तौल बढीभए घटाऔं । अन्न, दाल, गेडागुडी, दूध, माछा, बोसो,नभएको मासु, अण्डा, हरियो सागपात, फलफूल सन्तुलित रुपमा खानेगरो । नुन दैनिक ५ ग्राम भन्दा कम खाने गरो । मानसिक तनाब कम गरौं । चिल्लो र बोसो युक्त खाद्य पदार्थ कम खाने गरौं ।
- नियमित रुपमा स्वास्थ्य परीक्षण गराऔं ।
- कुनै शरीरिक समस्या भए चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाह अनुसार समुचित औषधीको प्रयोग गरौं ।

**स्वास्थ्य कार्यालय, इलाम**

सम्पादकीय

# कार्यन्वयन हुनुपर्छ

प्रधानमन्त्री केपी ओलीले मुलुकको गम्भीर परिस्थितिमा दुई प्रमुख दल नेपाली कांग्रेस र एमालेको समीकरणको सरकार बनेकाले यसलाई असफल हुने छुट नरहेको भन्दै सरकारलाई सफल बनाउन प्रशासनको प्रमुख भूमिका हुने स्पष्ट गर्नुभएको छ। मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा विशेष योगदान दिँदै आएका कांग्रेस र एमालेले राजनीतिक परिवर्तनका अनेक चरणका आन्दोलनमा हातेमालो गर्दै आएकाले मुलुकको समृद्धि र रूपान्तरणका लागि सहकार्य आवश्यक थियो। सरकारको स्थायित्व सहमति अनुसारकै हुनेमा कर्मचारीले ढुक्कले काम गर्न प्रमले सुझाउनुभएको छ। कर्मचारीले गरेको कामको जवाफदेहिता र उत्तरदायित्व सरकारले लिने भएकाले ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षाबमोजिम जनतालाई प्रभावकारी सेवा दिन, भोकमरी, भ्रष्टाचार र कुशासन हटाउँदै विकासको गतिलाई तीव्रता दिन योजनाबद्ध ढङ्गले काम गर्न दिनुभएको निर्देशन प्रशासनिक संयन्त्रलाई काम गर्न अब सहज हुने छ। बिमा रकम भुक्तानी, भ्याट रकम फिर्ता, किसानले बेचेको दुध र उखुको मूल्यको भुक्तानी नपाउने अवस्था अबका दिनमा हुन नहुने प्रमले स्पष्ट गर्नुभएकाले अब विगतका दुःख नदोहोरिने विश्वास गर्न सकिन्छ। सवारीचालक अनुमतिपत्र, राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्रलगायतका सेवा लिन ज्येष्ठ नागरिकलाई लाम लगाउन नहुने विवेक अब देखिने छ। प्रधानमन्त्रीले देश र जनतामा समर्पित भएर जिम्मेवारीपूर्ण ढङ्गले आदेशका भरमा भन्दा पनि कानुनबमोजिम कार्य गर्न सचिवलाई निर्देश गर्नुभएको छ। आफ्नो अघिल्लो कार्यकालका केही महत्वपूर्ण कार्यको स्मरण गर्दै प्रधानमन्त्रीले अधुरो रहेका कामलाई तत्काल अगाडि बढाउनसमेत निर्देशन दिनुभएको छ। उहाँकै कार्यकालमा ‘मै बनाउँछु मेरो धरहरा’ नाराका साथ कर्मचारी तथा आमनागरिकसमेतबाट उठाएको रकमले तयार भएको धरहराको बाँकी काम तत्काल पूरा गरेर धरहरा चढ्ने जनइच्छा छिटो पूरा गर्न ढिला गर्न नहुने बताउनुभएको छ। स्मरणीय छ, प्रधानमन्त्री ओली अघिल्लै कार्यकालमा धरहरा चढिसक्नुभएको हो तर सर्वसाधारणका लागि भने अझै खुला गरिएको छैन। यसै गरी, प्रधानमन्त्री ओलीले नै अघि बढाउनुभएको पानीजहाज तथा रेल सेवालाई पूर्णता दिनसमेत निर्देश गर्नुभएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्नेतर्फको निरन्तरको यात्रालाई परिणाममुखी बनाउन प्रधानमन्त्रीले सरकारका मन्त्री एवं सचिवहरूलाई निर्देशन दिने परम्परा नै हो। प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरेर मात्र निर्देशन कुन रूपमा कार्यान्वयन भएको छ।

# नागरिकप्रति राज्यको दायित्व

*डा. शोभाकर पराजुली*

बर्खा अनि बाढी, पहिरो हरेक वर्ष दोहोरिने नियति हुन्। प्रकृतिको आफ्नै चक्र हुन्छ, जसलाई मानवजातिले सामना गर्नै पर्छ।

विपत् पनि प्रकृतिकै उपहार हो, जसलाई चाहेर पनि रोक्न सकिन्न। जुध्न भने सकिन्छ। जुध्नुको अर्थ त्योसँग भिड्नु होइन, प्रकृतिको आफ्नो बाटो छोडिदिएर आफू कसरी बाँच्ने भन्ने हो। राज्यको आवश्यकता यहाँनेर हुन्छ। प्राकृतिक विपत्ति हरेक साल दोहोरिन्छ। यसलाई राज्यले कति गम्भीर भएर हेर्छ भन्ने महत्वपूर्ण विषय हो। विपत्लाई नीति निर्माताले गम्भीरताका साथ लिएनन् कि भन्ने प्रश्न यति बेला उठिरहेको छ। किनकि विपत्कै कारण आमनागरिकले अनाहकमा ज्यान गुमाइरहेका छन्। राज्यले पनि त्यसको क्षति बेहोर्दै आएको छ। बाढी अनि पहिराले हाम्रो ज्यान अनि धनसम्पत्ति मात्रै क्षति गरेको छैन बरु यसले आमनागरिकको दैनिक जीवन पनि बिथोलिरहेको हुन्छ। हामीले भर्खरै मात्र एउटा त्यो भयानक दुर्घटना बेहोरेका छौँ। गत असार २८ गते बिहानपख चितवनको सिमलतालमा बाटोमाथिबाट खसेको पहिराले दुई वटा यात्रुवाहक बस त्रिशूलीमा धकेलिदियो। त्यसमा अहिलेसम्म ६५ जना यात्रु रहेको भनिएको छ। ती सबैको शव अहिलेसम्म भेटिएका छैन। त्रिशूलीमा बगेका बस अहिलेसम्म भेटिएका छैनन्। त्यसै गरी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सौर्य एयरलाइन्सको एउटा विमान दुर्घटना भयो, त्यसमा सवार १९ जनामध्ये १८ जनाको ज्यान गयो। विमानस्थलभित्रै भएको दुर्घटनामा पनि हामीले मान्छेका ज्यान बचाउन सकेनौँ। त्यसैले त हाम्रो उद्धार तथा हवाई सुरक्षा संयन्त्रमाथि प्रश्न पनि उठिरहेको छ। नेपालको हवाई इतिहासमा यो पहिलो दुर्घटना होइन तर सारा सुरक्षा संयन्त्र छरिएको विमानस्थलमै जलिरहेको जहाजबाट हामीले जीवित ज्यान निकाल्नै सकेनौँ, दुःखद पक्ष हो यो। विमानस्थलमा दुर्घटना हुना साथ प्रधानमन्त्रीसहित मन्त्री तथा अरू नेता र सांसदसमेत त्यहाँ पुगे, घाइतेलाई समेत भेट्न पुगे। मृतकका आफन्त अनि परिवारलाई सान्त्वना पनि दिए तर ११ दिनअघि त्रिशूलीमा बगेका मान्छेका बारेमा कसैले आवश्यकता अनुसारको चासो गरेन। त्रिशूली किनारामा आफन्तको शव कुरी बसेकाहरूलाई सान्त्वना दिन न कुनै मन्त्री पुगे न कुनै नेता। यसलाई नागरिकले राज्य गम्भीर नभएको सन्देशका रूपमा लिए। मृत्यु भनेको मृत्यु नै हो, त्यो सबैका लागि बराबर हुन्छ। आफन्तको मृत्युमा रुनेहरू कसबैका हुन्छन्, चाहे जहाज दुर्घटनामा होस् वा बस, ढिस्काले पुरिएर भएको मृत्यु होस् वा ठेस लागेर।

आफन्त गुमाउनुको पीडा सबैलाई बराबरी नै हुन्छ। सामाजिक सञ्जालभरि अहिले राज्यले आफ्नै नागरिकको मृत्युमा पनि विभेद गरेको भनेर आलोचना र टिप्पणी आइरहेका छन्। कुनै पनि आधारमा, कुनै पनि नागरिक राज्यको नजरमा तलमाथि हुन सक्दैन। हरेक नागरिक राज्यका लागि बराबरी नै हुन्छ, हुनु पर्छ। राज्यको दायित्व पनि त्यही अनुसारको विनियोजन हुनु पर्छ। हर एक कल्याणकारी राज्यको त्यो मौलिक गर्भ सिद्धान्त हो। नेपालको हवाई इतिहासको लगभग ८० वर्ष लामो इतिहासमा अहिलेसम्म धेरै विमान दुर्घटना भइसकेका छन्। त्यो तथ्य र तथ्याङ्कलाई अस्वीकार गर्न सकिन्न। विगत ७० वर्षयता नेपाली आकाशमा त्यस्ता धेरै भयानक हवाई दुर्घटना भएका छन्। जसबाट लगभग एक हजारजति नागरिकको ज्यान गुमेको छ त्यसमा आधाजति विदेशी नागरिक पनि छन्। एउटा तथ्याङ्क अनुसार सन् १९५५ देखि हालैको विमान दुर्घटनासम्म आइपुग्दा अहिलेसम्म ३६ वटा आन्तरिक विमान दुर्घटना भएका छन्। त्यस्तै १७ हेलिकोप्टर र आठ वटा अन्तर्राष्ट्रिय विमान गरी नेपाली आकाशमा हालसम्म ६१ हवाई दुर्घटना भएका छन्। करिब ९१५ जनाको मृत्यु भएको अभिलेख छ। २०४६ सालको परिवर्तनपछि नेपालमा पनि निजी क्षेत्रका हवाई कम्पनी बढिरहेका छन्। नेपालका दुर्गम क्षेत्रमा पनि नागरिकले हवाई यातायातको पहुँच गाह्रै भए पनि पाइरहेका छन्। दिनहुँ सयौँ आन्तरिक उडान हुँदै आएका छन्। नेपालबाट विश्वका विभिन्न देशका ४३ भन्दा अन्तर्राष्ट्रिय गन्तव्यमा करिब ३२ भन्दा विमान कम्पनीले आफ्ना जहाज उडाउँदै आएका छन्।

त्यस्तै नेपालको प्राकृतिक सुन्दरता अवलोकनका लागि माउन्टेन फ्लाइट पनि उत्तिकै हुन्छन्। यसै पनि नेपालको हवाई आकाशलाई अन्तर्राष्ट्रिय समुदायले अझै सुरक्षित मानेको छैन। नेपाल अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को मापदण्ड अनुसार नभएको भन्दै नेपाली विमानलाई युरोपियन युनियनले आफ्नो आकाशमा उड्न प्रतिबन्ध लगाएको छ। यो भनेको उसका आकाशमा उड्नका लागि नेपाली जहाज उपयुक्त छैनन् वा उसको मापदण्डको प्रविधि नेपाली विमानमा छैनन् भन्ने हो। सरकारले भने त्यसमा कहिल्यै गम्भीर भएर सोच्नसम्म भ्याएको छैन वा चासो दिएको छैन। भएको एउटा नियामक निकाय नागरिक उड्डयन प्राधिकरण र राष्ट्रिय ध्वजावाहक विमान नेपाल एयरलाइन्सभित्र राजनीति घुसेर ती निकाय खोक्रा भइसकेका छन्। त्यो भन्दा पनि अझ भयानक र दर्दनाक कथा छन्, सडक तथा सवारी दुर्घटनाका। बितेको १५ वर्षमा मात्रै नेपालमा भएका सडक सवारी दुर्घटनामा करिब ३३ हजार (३२ हजार ८ सय ६१-रेकर्ड गरिएको तथ्याङ्क) मानिसको ज्यान गइसकेको छ। त्यसमा करिब ७२ हजारभन्दा बढी मानिस घाइते भएका छन् र यीमध्ये धेरै अङ्गभङ्ग भएका छन्। ती सबको मूल्य राज्यले कति चुकाउनु परेको छ, त्यसको हिसाबकिताब नै छैन। उनीहरूका परिवारले बेहोर्नु परेको मूल्य त झन् बेहिसाब नै हुन्छ। ज्यानको मूल्य कति तोक्ने ? मान्छेको ज्यानको मूल्य त हुँदैन तथापि दुर्घटनापछि हुने क्षतिका लागि राज्य नै जिम्मेवार हुनु पर्छ। नेपालमा हुने गरेका यस्ता सडक तथा हवाई दुर्घटनाका बारेमा राज्य आवश्यक गम्भीर र संवेदनशील हुन सकेको छैन। यो हामीले अहिलेसम्म भोग्दै आएको तितो अनुभव हो। एउटा सामान्य जहाज चिप्लिँदा पनि समिति गठन गर्ने सरकारले हजारौँको ज्यान जाने गरी भएका सवारी दुर्घटनाको अध्ययन र अनुसन्धान गर्ने अहिलेसम्म कति समिति बनायो ? मुस्किलले बन्ने त्यस्ता समितिले बुझाएका प्रतिवेदन पनि दराजमा धमिरा लागिसकेका होलान्। न हवाई दुर्घटनाको अनुसन्धानपछि तयार पारिएका रिपोर्टहरू कार्यान्वयन नै भएका छन्।

अहिलेसम्म सरकारले गरेको भनेको ‘चालक’ को लापर्बाहीबाहेक अर्को कुनै गम्भीर कारण न भनेको छ न त पत्ता लागेका कारणको निराकरणमा लागेको छ। जहाज उड्ने हाम्रो आकाश कस्तो छ ? जहाज अवतरण हुने र उड्ने विमानस्थलहरू कस्ता छन् ? तिनको भूगोल कस्तो छ ? अहिलेसम्म राज्यका कुनै पनि संयन्त्रले त्यसको विश्लेषण गरेको पाइँदैन। अहिले तयार भइसकेका दुई दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल उडान नपाएर खालि बसिरहेका छन्। अन्तर्राष्ट्रिय उडानका लागि त्यो समुदायसँग कूटनीतिक वा व्यावसायिक सम्झौतासमेत गर्न सकिएको छैन। यसबाट ती संरचनाको मापदण्डमाथि पनि आशङ्का उब्जिएका छन्। तिनको उपयुक्तता र उपयोगिता के हो राज्यले त्यसको पुष्टि गर्नु पर्छ। एक मात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमाथिको निर्भरता र त्यसको चाप गर्नेतिर न्यूनीकरणतिर ध्यान दिन जरुरी छ। त्योसँगै हाम्रा सवारीसाधन गुड्ने सडक अनि सवारीको गुणस्तरका बारेमा पनि सरकार अब गम्भीर बन्नै पर्छ। विकास अनि समृद्धिका कोसेढुङ्गा हुन् सडक अनि राजमार्ग।

ती हाम्रा नागरिकका लागि ‘मृत्यु मार्ग’ बनिरहेको यथार्थ राज्यले नकार्न हुन्न। कुन सडकमा कस्ता सवारी गुडाउने वा कस्तो राजमार्गमा कस्ता सवारीका लागि बनाइएका हुन् भन्ने कुराको यकिन गरेर मात्रै तिनको सञ्चालन हुनु पर्छ। त्यसका लागि सरकारले सम्बन्धित नियामक निकायलाई कडाइका लागि परिचालन गर्नै पर्छ। डोजरको उपलब्धताका आधारमा खोतलिएका बाटा अनि कोतरिएका राजमार्ग नागरिक जीवनका लागि सुरक्षित छैनन् भन्ने हरेक दिन हुने दुर्घटना र नागरिकको मृत्युबाट प्रस्ट भइसकेको छ। अब सरकारले तत्काल त्यतातिर आफ्नो ध्यान केन्द्रित गर्नु पर्छ। राजधानीलाई जोड्ने एक मात्रै राजमार्ग छ त्यसका विकल्पमा बन्दै गरेका अरू राजमार्गको काम यथाशीघ्र सम्पन्न गरिनु पर्छ। त्यही एक मात्रै राजमार्गलाई मर्मत वा विस्तारका नाममा लथालिङ्ग पारिएको छ त्यसलाई पनि अब चाँडै सम्हाल्नु पर्छ। नेपालले अन्तर्राष्ट्रिय समुदायसामु सडक र सवारी दुर्घटनाबाट हुने क्षतिको दरलाई सन् २०३० सम्म ५० प्रतिशतमा झार्ने र सन् २०५० सम्ममा त्यसलाई शून्यमा पुर्‍याउने प्रतिबद्धता जनाइसकेको छ। सन् २०२० मा स्कटहोममा भएको संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूको सडक सुरक्षासम्बन्धी मन्त्रीस्तरीय बैठकमा नेपालले त्यसलाई आफ्नो दिगो विकासको लक्ष्यमा समेत सामेल गर्ने प्रतिबद्धता व्यक्त गरेको हो।

*साभारः गोरखापत्र*

धुम्रपान तथा सूर्ति सेवन गर्नु भनेको मृत्युलाई निम्तो दिनु हो, त्यसैले धुम्रपान सूर्ति सेवन नगरौं।

**प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान कर तिरौ संमृद्ध इलाम बनाउने अभियानमा सबै जुटौं**

**इलाम नगरपालिका, इलाम**

**इलाम नगरपालिका वडा नम्बर ४ बासिमा अनुरोध**

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ४, इलाम**

**इलाम नगरपालिका वडा नम्बर ३ बासिमा अनुरोध**

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ३, इलाम**

**इलाम नगरपालिका वडा नम्बर ६ बासिमा अनुरोध**

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ६, इलाम**

**इलाम नगरपालिका वडा नम्बर ५ बासिमा अनुरोध**

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ५, इलाम**

**इलाम नगरपालिका वडा नम्बर ८ बासिमा अनुरोध**

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ८, इलाम**

**इलाम नगरपालिका वडा नम्बर ९ बासिमा अनुरोध**

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ९, इलाम**

**माइजोगमाई गाउँपालिका बासिमा अनुरोध**

**१.** प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध माईजोगमाई हाम्रो अभियान, कर तिरौ संमृद्ध माईजोगमाई बनाउने अभियानमा सबै जुटौं ।

**२.** यस माईजोगमाइ गाउँपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।


**३.** पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, स्वच्छ र सफा सफा बनाऔं ।

**४.** एकिकृत सम्पत्तिकर राजस्व गाउँपालिकाको कार्यालयमा तिरी सभ्य नागरिकको परिचय दिऔं ।

**५.** सफा क्षेत्र सफा गाउँ कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

*माईजोगमाई गाउँपालिका*
*इलाम*



**१५ महिना सम्मको बच्चालाई नियमित खोप लगाउने अत्यन्त जरुरी सूचना**

जन्मेदेखि १५ महिना भित्र तोकिएको उमेरमा उपलब्ध सम्पूर्ण खोपहरु लगाएपछि बच्चालाई क्षयरोग, झाडापखाला, लुलोलंगडो, न्युमोनिया, मेनिन्जाइटिस, भ्यागुतेरोग, लहरेखोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, जापानीज इन्सेफलाइटिस, दादुरा र रुवेला जस्ता बच्चालाई मृत्यू गराउने १२ वटा गम्भिर रोग लाग्नबाट बचाउँछ । नियमित खोप हरेक महिना स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रमा संचालन भइरहेकोले आ-आफ्नो पायक पर्ने खोप केन्द्रमा पटक पटक गरि सात पटक गई सम्पूर्ण खोप पुरा गरौ, बच्चालाई रोग लाग्न, अपाङ्ग र मृत्यू हुनबाट जोगाऔं ।

स्वास्थ्य कार्यालय, इलाम

**महत्वपूर्ण नम्वरहरु**

- जिल्ला प्रहरी कार्यालय इलाम:- १००/५२०१००
- प्रहरी चौकी चोकबजार:- ५२०२११
- जिल्ला प्रशासन कार्यालय इलाम:- ५२०५५५
- आकस्मीक रक्त संचार:-
  - सम्पर्क रतन चौधरी:- ९८५२६८००५८
- विद्युत प्राधिकरण इलाम:- ५२००५४
- विद्युत मर्मत सेवा:- ५२००५५
- एम्बुलेन्स सेवा:-
  - इलाम अस्पताल:- ५२००४४
  - नेपाल रेडक्रस सोसाइटि इलाम:- ५२०५२२
- दमकल सेवा (इनपा):- ५२००३०
- खानेपानी (इनपा):- ५२००३०
- संचार संस्थाहरु
- रेडियो नेपालवाणी:- ५२१६९९, ५२१५०७
- इलाम एफ.एम:- ५२०७६९, ५२१४८२
- रेडियो फिक्कल:- ५४०४७७
- सन्दकपुर दैनिक:- ५२१६२९
- इलाम एक्सप्रेस दैनिक:-५२१७९२,
- इलाम पोष्ट दैनिक:- ५२१७९०

## आन्तरिक आय संकलन सम्बन्धिठेक्का आव्हावानको सूचना
## दोस्रो पटक प्रकाशित मिति : २०८१/०४/१९

यस सन्दकपुर गाउँपालिकाको आ.व. २०८१/०८२ को आन्तरिक आय संकलनका लागि तपशिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक ब्यक्त्ति तथा फर्महरु बाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आहवान गरिन्छ ।

१.दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकासित भएको मितिले ७ दिनभित्र निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०८१/०४/१९गते भित्र कार्यालय समय सम्म दरभाउपत्र कागजत खरिद गर्न सकिने छ ।

२.खरिद भएको दरभाउपत्र फारम सिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम,ठेगाना,ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८१/०४/२५ गतेको दिन १२ बजे भित्र दर्ता गरीसक्नु पर्नेछ ।

३.खरिद भएको बोलपत्र प्रथम पटक प्रकासित मितिले मिति २०८१/०४/२५ गते दिनको २ बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४.दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

५.उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि,स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको ब्यवसाय कर प्रमाण पत्रको नविकरण प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

६.धरौटी वापतको रकम आफूले कबोल गरेको ठेक्का अङ्कको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस सन्दकपुर गाउँपालिका कार्यालयको नाममा रहेको श्री प्रभु बैंक लिमिटेड,सन्दकपुर शाखा देउरालीको खाता नम्बर १६४०११००१०००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

७.म्याद नाधि आएको रित नपुगेको वा सर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

८.दरभाउपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर(VAT) बाहेकको दररेट उल्लेखित गर्नुपर्नेछ। सो दररेटमा अंक र अक्षर मा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

९.यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१०.ठेक्का स्वीकृत भई किस्ताबन्धीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नुपूर्व र बाँकी किस्ताको रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। समयमा कबोल अनुसारको किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट गाउँपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

११.ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ ।

१२.ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका कर ठेकेदार स्वयमले बुझाउनु पर्नेछ ।

१३.ठेक्का चलन ठेक्का सम्बन्धि कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ ।कानुनले निशेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन ।

१४.आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद,कर्मचारीको व्यवस्था ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ ।रसिदमा अनिवार्य रुपमा यस सन्दकपुर गाउँपालिका कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ।छाप नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कार्वाही गरिनेछ ।

१५.बोलपत्रदाता र गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।यस सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।अन्य थप जानकारीको लागि यस सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

*तपशिल*

| क्र.सं. | सूचना नम्बर | नाका | विवरण | न्युनतम ठेक्का रकम रु. (मुल्य अभिवृद्धि कर बाहेक) | फारम दस्तुररु |
|---|---|---|---|---|---|
| १ | १६/२०८१/०८२ | कालपोखरी,सन्दकपुर ४ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १४४०००० | १५०० |
| २ | १७/२०८१/०८२ | माइपोखरीक्षेत्र, सन्दकपुर १ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | ६३०००० | १५०० |
| ३ | १८/२०८१/०८२ | सापकोटा डांडा, सन्दकपुर ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| ४ | १९/२०८१/०८२ | सानिमाई,सन्दकपुर ३ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| ५ | २०/२०८१/०८२ | जौबारी, सन्दकपुर ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| ६ | २१/२०८१/०८२ | इडला,सन्दकपुर ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| ७ | २२/२०८१/०८२ | कैयाकट्टा,सन्दकपुर ५ | दुर्लभ बन्यजन्तु अवलोकन दस्तुर, दैनिक हाटबजार | १८०००० | १००० |
| ८ | २३/२०८१/०८२ | माइखोला, माबु सन्दकपुर ४ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| ९ | २४/२०८१/०८२ | चाँपगैरी, सन्दकपुर १ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| १० | २५/२०८१/०८२ | मूलडांडा, सन्दकपुर १ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य निकासी कर(वन पैदावार बाहेक), दैनिक हाटबजार,सडक मर्मत सम्भार शुल्क | १८०००० | १००० |
| ११ | २६/२०८१/०८२ | टोड्के झरनासन्दकपुर २ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर ,दैनिक हाटबजार | २७००० | १००० |
| १२ | २७/२०८१/०८२ | ढाप पोखरी, सन्दकपुर १ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, दैनिक हाटबजार | २७००० | १००० |
| १३ | २८/२०८१/०८२ | जोरपोखरीडुंगा सयर | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ७२००० | १००० |
| १४ | २९/२०८१/०८२ | कभर्ड हाल, सन्दकपुर ३ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५८५०० | १००० |
| १५ | ३०/२०८१/०८२ | देउराली बजार, सन्दकपुर ३ | दैनिक हाटबजार कर | ५८५०० | १००० |

*प्रमुख प्रशासकीय अधिकृत*

**सार्वजनिक सन्देश:**

- स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरौं।
- उद्योग सिर्जना गरी आत्मनिर्भर बनौं।
- विभिन्न उद्योग, व्यवसाय सञ्चालन तथा स्थापना सम्बन्धमा विभिन्न सेवा र परामर्शका लागि यस कार्यालयमा सम्पर्क गरी सेवा प्राप्त गर्नुहोला।

अनुरोधक :-
घरेलु तथा साना उद्योग कार्यालय, इलाम
फोन : ०२७-५२३०२३

## डिभिजन वन कार्यालय इलामको अपिल

पूर्ण आंशिक रुपमा रुखहरुले ढाकिएको तथा वनले घोरिएको वनको छेउछाउमा रहेको पर्ति वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत वन क्षेत्रको परिभाषा भित्र पर्दछ। वन क्षेत्रको जग्गा अबैध रुपमा खनजोत गर्नु तथा त्यसमा घर(छाप्रो बनाउने कार्य वन अतिक्रमण हो । वन अतिक्रमण भित्र निम्न क्रियाकलापहरु पर्दछन्

१. वन क्षेत्रमाको जग्गा आवाद गर्नका लागि फडानी गर्ने, खन्ने, जोत्ने कार्य गर्ने ।

२. वन क्षेत्र ओगट्ने हिसाबले बनेको जग्गामा साँध(सीमना लगाउने बारबेर गर्ने ।

३. वन क्षेत्रमा आवाद गरी अन्न वा कृषिवाली लगाउने ।

४. वन क्षेत्रभित्र घर, टहरा, छाप्रा निर्माण गर्ने

**डिभिजन वन कार्यालय**
**इलाम**

## इलाम नगरपालिका वडा नम्बर ७ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौं संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ७, इलाम**

जय नेपाल सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित इलाम एक्सप्रेस राष्ट्रिय दैनिकका लागि अध्यक्षः तोयानाथ भट्टराई, प्रधान सम्पादकः सोमनाथ सुसेली, सम्पादकः प्रदीप घिमिरे, प्रमुख समाचारदाता : गणेश घिमिरे, संवाददाताः राजिव न्यौपाने, मुना बस्नेत,प्रोसेसिङः– अम्बिका लिम्बु कार्यालयः इ.न.पा.-७ ( नेपालवाणी एफ.एम.को माथिल्लो तला), इमेलः ilamexpress@gmail.com फोनः ०२७-५२१७९२,९८४२६२७०४७ मुद्रणः मनकामना (अफसेट) प्रिन्टिङ्ग प्रेस, इलाम